# पुराना दुई पांङ्ग्रे सवारी साधन लिलाम विक्री सम्वन्धी कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौडाको सिलवन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०७/ २९)**

कोषको हेटौडा भवनमा रहेका पुराना दुई थान दुई पाङग्रे सवारी साधन जेजस्तो अवस्थामा छ सोहि अवस्थामा सिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीले देहायको शर्तहरुको अधीनमा रही सिलवन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ :

१. लिलाम विक्री गरिने पुराना दुई थान दुईपाङग्रे सवारी साधन कोषको हेटौडा भवनमा रहेका छन् । ती सामानहरु कार्यालय समय भित्र हेर्न सकिने छ ।

२. बोलपत्रदाता व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्रदाता संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत राखी **रु. ३००/-**(फिर्ता नहुने) ग्लोवल आइ.एम.ई लिमिटेड, हेटौडास्थित कोषको खाता नं. ३०४०१०१०००१३३० मा नगदै जम्मा गरेको सक्कल भौचर सहित लिखित अनुरोध गरेमा कोषको हेटौडा स्थित कार्यालयबाट कार्यालय समय भित्र बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र दाखिला गर्ने र प्राप्त बोलपत्रहरु खोल्ने म्याद देहाय बमोजिम हुनेछ :

(क) बोलपत्र फाराम यो सूचना समृद्व समाज राष्ट्रिय दैनिकमा प्रकाशित भएको मिति (२०८१/०७/२९) ले १५ दिन( २०८१/०८/१३) भित्र खरिद गरिसक्नु पर्नेछ ।

(ख) पत्रिकामा बोलपत्र आव्हानको सूचना प्रकाशित भएको मितिले १६ औ दिन (२०८१/०८/१४) गते दिनको १२:१५ वजे भित्र बोलपत्र फाराम कोषको हेटौडा स्थित कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

(ग) प्राप्त बोलपत्रहरु पत्रमा सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०८१/०८/१४) दिनको १:०० वजे कोषको शाखा कार्यालय, हेटौडामा कोषका अधिकृत प्रतिनिधिहरु तथा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

(घ) उल्लिखित मितिमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन उल्लेखित समयमा नै उक्त कार्यहरु हुनेछन् ।

४. लिलाम विक्री गरिने पुराना दुई थान दुई पाङग्रे सवारी साधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा (बोलपत्रदाता स्वयंले नै उठाएर लानु पर्ने) न्यूनतम विक्री मूल्य (मू.अ.कर बाहेक) को विस्तृत विवरण तपसिलमा उल्लेख गरिएको छ ।

पुराना दुई थान दुई पाङग्रे सवारी साधन जेजस्तो अवस्थामा छ सोहि अवस्थामा बोलपत्रदाता स्वयंले नै उठाएर लानु पर्ने ।

| क्र.सं. | सम्पत्तिको कोड नं. | सम्पत्तिको नाम | खरिद मिति | संख्या | न्युनतम मूल्य |
|---|---|---|---|---|---|
| १ | ना.२५प.७७१ | मोटरसाईकल | २०७०/०३/०५ | १ | २५,३००।- |
| २ | ना.२५प.७७२ | मोटरसाईकल | २०७०/०३/०५ | १ | २५,३००।- |

५. आफूले खरीद गर्न चाहेको मू.अ.क.सहितको कवोल गरेको कूल मूल्यको कम्तिमा १० (दश) प्रतिशतले हुन आउने रकम ग्लोवल आइ.एम.ई लिमिटेड, हेटौडास्थित कोषको खाता नं. ३०४०१०१०००१३३०मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तीमा नब्बे दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" श्रेणीको बाणिज्य बैंकबाट जारी भएको बैक जमानत सहित बोलपत्रसाथ व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर(PAN)प्रमाणपत्र र आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले कवोल रकममा मू.अ.क. समेत थप गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

७. म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, पर्याप्त धरौटी समावेश नभएको र मू.अ.कर समावेश नभएको तथा कुनै सामान मात्रको लागि पेश भएको र मू.अ.क. बाहेकको कवोल रकम उल्लेखित न्यूनतम मूल्य भन्दा घटि भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. बोलपत्र फाराम सिलवन्दी गरी खामको वाहिर "दुई पाङग्रे सवारी साधन" उल्लेख गरी कोषलाई सम्बोधन गरी पेश गर्नुपर्नेछ ।

९. प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार कोषमा सुरक्षित रहनेछ ।

१०. उक्त सामानहरुको लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा अवस्थाहरु वोलपत्र कागजातमा नै उल्लेख गरिएको छ । अन्य जानकारी आवश्यक भएमा कोषको शाखा कार्यालय हेटौडामा सम्पर्क राख्न सकिनेछ ।

११. यो सूचना कोषको वेबसाइट**:** www.epf.org.np मा समेत हेर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
**शाखा कार्यालय, हेटौडा**
**फोन नं. ०५७-५२४३७७**

मिति : २०८०/०७/

श्रीमान् कार्यालय प्रमुखज्यू,
कर्मचारी सञ्चय कोष,
हेटौडा ।

**विषय :- पुराना १ थान दुई पाङग्रे सवारी साधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम विक्री सम्वन्धी सिलवन्दी बोलपत्र पेश गरेको ।**

महोदय,

कोषको हेटौडाभवनमा रहेका पुराना १ थान दुई पाङग्रे सवारी साधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामो लिलाम विक्रीको लागि सिलबन्दी बोलपत्र आव्हान सम्वन्धी मिति २०८१/०७/ को ................. राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम मलाई/हामीलाई तपसीलमा उल्लिखित मूल्यमा सो सामानहरु लिलाम स्वीकार गर्न मञ्जूर भएकोले सिलवन्दी बोलपत्र पेश गरेको छु/छौं ।

| सि.नं. | विवरण | कवोल रकम रु. | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | | | |
| मू.अ.कर (१३%) | | | |
| कूल जम्मा रकम रु. | | | |
| अक्षरेपी : | | | |

यसै साथ संलग्न "बोलपत्रदातालाई निर्देशन" अनुसार कुनै शर्त नराखी आवश्यक धरौटी वापतको रकम समेत नगद नै जम्मा गरिएको सक्कल बैङ्क भौचर समेत यसै साथ नत्थी गरी माथि उल्लेखित मूल्यमा लिलाम स्वीकार गर्न (खरीद गर्न) मञ्जूर छ । यसै साथ संलग्न उल्लिखित सामानहरुको विवरण, "बोलपत्रदातालाई जारी निर्देशन" समेत सबै कुराहरुमैले/हामीले राम्ररी अध्ययन गरेको छु/छौं । सोको पूर्ण अधीनमा रही विना शर्त कोषको नीति नियम तथा निर्देशन बमोजिम लिलाम स्वीकार गर्न मञ्जूर छ । अन्यथा कोषले तोके वमोजिमको हर्जाना तिर्न मञ्जुर छ ।

आवेदक

फर्मको छाप

दस्तखत :
नाम थर :- ....................................................
पूरा ठेगाना :जिल्ला ..........................................
गा.वि.स/न.पा. ................ ..............................
वडा नं. ...........स्थान/टोल ..................................
फोन नं. ................ मोबाइल नं. .......................
(बोलपत्रदाता फर्म भए) फर्मको नाम :- ......................
ठेगानाः ........................................................
मुख्य व्यक्तिको नाम : ..........................................
फोन नं. .................मोबाइल नं. ...........................

# कर्मचारी सञ्चय कोष

**शाखा कार्यालय हेटौडा**

## बोलपत्रदातालाई निर्देशन

कोषको हेटौडा भवनमा रहेका पुराना दुई थान दुई पाङग्रे सवारी साधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम विक्री सम्वन्धी बोलपत्र भर्दा बोलपत्रदाताले बोलपत्रको अभिन्न अंगको रुपमा रहेका देहायका कुराहरु अनिवार्य रुपले पालना गर्नु पर्नेछः

१. आफूलाई फाइदा हुने गरी कुनै शर्त राखी वोलपत्र पेश गरेमा सो शर्त कोषलाई मान्य हुने छैन ।

२. लिलाम विक्री गरिने पुराना दुई थान दुई पाङग्रे सवारी साधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा हेटौडा भवन परिसरमा रहेका छन् । ती सामानहरु हेर्न चाहेमा कार्यालय समय भित्र हेर्न सकिनेछ ।

३. लिलाममा राखिएका पुराना सामानहरु राम्ररी हेरी सोको कबोल मूल्य उल्लेख गर्नु पर्नेछ । कबोल मूल्य उल्लेख गर्दा अंक र अक्षरमा दुबैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेख गरिएको मूल्य फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । तर केरमेट गरी सच्याइएको वा करेक्टिभ फ्लुड लगाइएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

४. बोलपत्र पेश गर्दा जसको नामवाट बोलपत्र फाराम खरीद गरेको हो उसैको नामवाट सक्कलै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ ।

५. बोलपत्र साथ बोलपत्रदाता व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा बोलपत्रदाता संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (एब्ल० प्रमाणपत्र र आ.व.२०८०/८१ को कर चुक्ताप्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

६. स्वीकृत बोलपत्रदाताले आफूले खरीद गर्न चाहेको मू.अ.कर सहितको कवोल गरेको कूल मूल्यको कम्तिमा १० (दश) प्रतिशतले हुन आउने रकम ग्लोवल आइ.एम.ई लिमिटेड, हेटौडास्थित कोषको खाता नं. ३०४०१०१०००१३३० मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तीमा नब्बे दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" श्रेणीको बाणिज्य बैंकबाट जारी भएको बैक जमानत सहित बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. सूचनामा उल्लेखित न्यूनतम मूल्य भन्दा कम मूल्य कबोल गरी पेश गरिएको बोलपत्रदाताको बोलपत्र स्वीकार गरिनेछैन । बोलपत्रदाताले कवोल गरेको मूल्यमा मू.अ.कर समेत समावेश गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

८. भरिएको बोलपत्र फाराम र आवश्यक कागजातहरु खाम भित्र राखी सिलवन्दी (लाहाछाप) गरिएको हुनुपर्नेछ र खाम वाहिर "पुराना दुई पाङग्रे सवारी साधन" उल्लेख गरी कोषलाई सम्बोधन गरी पेश गर्नुपर्नेछ । साथै खाम बाहिर बोलपत्रदाताले आफ्नो नामथर, ठेगाना समेत उल्लेख गर्नुपर्नेछ ।

९. तोकिएको समय भित्र प्राप्त नभएको वा रीत नपुगेको वा उल्लेख गर्नुपर्ने वा पेश गर्नुपर्ने कागजात पेश नगरेमा वा पर्याप्त धरौटी दाखिला नगरेमा त्यस्ता बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

१०. सामान्यतया सबैंभन्दा बढी बोलकवोल गर्ने बोलपत्रदाताको बोलपत्रलाई स्वीकार गरिनेछ । तर सिलबन्दीबोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषमा सुरक्षित रहेको छ । सोको कारण खुलाउन कोष बाध्य हुने छैन ।

११. बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु (आवेदन, सूचना, बोलपत्रदातालाई निर्देशन, सम्झौता) को प्रत्येक पानामा दस्तखत गर्नुपर्नेछ ।

१२. बोलपत्र स्वीकृतको सूचना शाखा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ । सूचना टाँस भएका मितिले स्वीकृत बोलपत्रदाताले आफूले कबोल गरेको मू.अ.कर सहितको कुल रकमग्लोवल आइ.एम.ई लिमिटेड, हेटौडास्थित कोषको खाता नं. ३०४०१०१०००१३३०मा नगदै जम्मा गरेको सक्कल भौचरदाखिला गरी १० दिनभित्र कोषसंग सम्झौता गर्नु पर्ने छ । स्वीकृत बोलपत्रपत्रदाताले सम्झौता भएको मितिले सम्पूर्ण प्रक्रिया पूरा गरी २५ दिन भित्र उल्लिखित सामानहरु अनिवार्य रुपमा उठाई लानु पर्ने छ । बोलपत्र स्वीकृत भई सूचना टाँस भएको मितिले १० दिन भित्र सम्पूर्ण रकम बुझाई सम्झौता गर्न नआएमा वा सम्झौता गरेको मितिले २५ दिन भित्र सम्पुर्ण सामानहरु एठाइ नलगेमा राखेको धरौटी जफत गरिने छ । नेपाल सरकारमा नियमानुसार दर्ता खारेज गर्न लाग्ने खर्च बोलपत्रदाता स्वयम्ले नै ब्यहोर्नु पर्ने छ । सो अनुसार लिलामी गरिएको सवारी साधनको स्क्रयापमा मात्र उपयोग गर्न पाइने छ सवारी साधनको रुपमा उपयोग गर्न पाइने छैन । सम्पुर्ण प्रक्रिया पुरा गरी सामानहरु उठाई लगेपश्चात मात्र धरौटी रकम फिर्ता गरिने छ ।

१३. स्वीकृत बोलपत्रदाताले कोषले दिएको समयसीमा भित्रै कवोल मूल्य चुक्ता गरी लिलाममा रहेका उल्लेखित सामानहरुनउठाएमा निजले राखेको धरौटी जफत गरी सो भन्दा कम दोश्रो मूल्य कबोल गर्ने व्यक्ति वा फर्मको बोलपत्रदातालाई प्रकरण७ र १० को प्रकृया बमोजिम बोलपत्र स्वीकृतको सूचनाको कारवाही अगाडि बढाइनेछ ।

१४. बोलपत्रको सूचना तथा बोलपत्रको कागजातमा परेका कुराहरु सोही अनुसार र नपरेका कुराहरु कोषको प्रचलित नियमानुसार हुनेछ ।

# सम्झौता पत्र

कर्मचारी सञ्चय कोष (लिलाम बिक्री गर्ने पक्ष) र ..................................................(लिलाम बिक्री सकार्ने पक्ष) बीच कोषको हेटौडा भवनमा रहेका पुराना १ थान दुई पाङग्रे सवारी साधनजे जस्तो अवस्थामा छ सोहि अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने सम्बन्धमा मिति २०८१/०७/....गतेकोपत्रमा बोलपत्र आव्हानको सूचना प्रकाशित भए बमोजिम र बोलपत्र फाराम, बोलपत्रदातालाई निर्देशन र खरिद गर्न चाहेको सवारी साधनको लागि कोषको दर्ता नं. .......... मिति २०८१//गते दाखिला गरेको सिलबन्दी बोलपत्रमा मू.अ.कर सहितको कवोल गरेको रकम मिति २०८१//मा बैक दाखिला गरी खरीद गर्न मञ्जुर भएको हुँदा दुवै पक्षको मनोमानी राजीखुसीले आज मिति २०८१ साल .......... महिना ........गते रोज ....... का दिन कर्मचारी सञ्चय कोष, हेटौडामा बसी यस सम्झौतापत्रमा दस्तखत गरी एक एक प्रति बुझि लियौं/दियौं । सम्झौता भएको मितिले २५ दिनभित्र लिलाम बिक्री सकार्ने पक्षले उल्लिखित सामानहरु उठाई लानेछ । सम्झौता गरेको मितिले २५ दिन भित्र सम्पुर्ण सामानहरु उठाई नलगेमा कोषवाट लिलाम सकार्ने पक्षले जम्मा गरेको धरौटी लगायत सम्पूर्ण रकम जफत हुनेछ । यसपछि लिलाम सकार्ने पक्षको कुनै पनि कुरा कोषवाट सुनुवाई हुने छैन ।

**बोलपत्रदाताको तर्फबाट :**

दस्तखत : ..........................

नाम थर : ..........................

फर्मको नाम : .........................

ठेगाना : ..........................

मिति : ..........................

**कोषको तर्फबाट :**

दस्तखत : ..........................

नाम थर : ..........................

पद : ..........................

ठेगाना : ..........................

मिति : .............................

**साक्षी**

दस्तखत : ..........................

नाम थर : ..........................

फर्मको नाम : .........................

ठेगाना : ..........................

**साक्षी**

दस्तखत : ..........................

नाम थर : ..........................

पद : ..........................

ठेगाना : ..........................

इति सम्बत २०८१साल ............ महिना ......गते रोज.......शुभम् ।